नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४९ मिति :- २०६७/९/४

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरु एवं इजाजतपत्र प्राप्त मनिचेन्जरहरू ।

**विषय :- इ.प्रा.परिपत्र संख्या ५४२ उपर तेश्रो संशोधन सम्बन्धमा ।**

महाशय,

विदेशी मुद्राको खरीद बिक्री कारोवारका सम्बन्धमा मिति २०६७/५/१ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्याः ५४२ मा देहाए बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. इ.प्रा. परिपत्र संख्याः ५४२ को दफा ८ पछि देहाए बमोजिमको दफा ८क. थप गरिएको छ :-

"८क. यस परिपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित नागरिक उड्डयन प्राधिकरण कार्यालयको टर्मिनल भवनमा रहेका बैंक/वित्तीय संस्थाका शाखा/काउण्टर तथा इजाजतपत्र प्राप्त मनिचेन्जरहरूले विदेशी मुद्रा सटही गर्दा, राहदानी वापतको सटही दिंदा तथा विदेशी मुद्रा फिर्ता सटही गर्दा राहदानीको फोटोकपी गराउने, निवेदकको तर्फबाट निवेदन बनाईदिने, लिने जस्ता थप सेवा प्रदान गरेको खण्डमा मात्र प्रति सटही बढीमा ५० (पचास) रुपैयाँसम्म अतिरिक्त सेवा शुल्कको रुपमा लिन पाउने छन् ।"

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाण्डौ ।
११. श्री नेपाल मनिचेन्जर एशोसियसन, काठमाण्डौं ।